# २०२४ का लागि प्राथमिक विद्यालयमा भर्ना गर्दा



बालबालिका, आमाबाबु र हेरचाहकर्ताहरूको लागि विद्यालय सुरू हुनु एक उत्साहपूर्ण समय हो। हामी तपाईंको लागि सम्भव भएसम्म भर्ना प्रक्रिया सजिलो बनाउन मद्दत गर्न चाहन्छौं।

भिक्टोरियामा, तपाईंको बच्चालाई *शिक्षा र प्रशिक्षण सुधार ऐन २००६ (Education and Training Reform Act 2006)* अन्तर्गत आफ्नो छरछिमेकको विद्यालय (तपाईंको 'स्थानीय विद्यालय ') मा भर्ना हुने अधिकार छ।

तपाईं आफ्नो स्थानीय विद्यालय नभएको स्थानको लागि पनि आवेदन दिन सक्नुहुन्छ। विद्यालयले उनीहरूको भर्ना नीतिअनुसार तपाईंको आवेदनलाई विचार गर्नेछ। भर्ना नीतिको बारेमा थप जानकारीको लागि, विद्यालयमा भर्ना गर्दा भन्ने पृष्ठ हेर्नुहोस्।

## फाउन्डेशन (आधार) (PREP) स्तरका लागि नयाँ राज्यव्यापी समयरेखा

प्राथमिक विद्यालयको पहिलो वर्षलाई फाउन्डेशन (आधार) वा प्रेप भनिन्छ। हामीले भिक्टोरियाका सबै सरकारी प्राथमिक विद्यालयहरूले पालना गर्नु पर्ने नयाँ फाउन्डेसन भर्ना समयरेखा जारी गरेका छौं (पृष्ठ ३ हेर्नुहोस्)। यो समयरेखाले तपाईंलाई २०२४ मा विद्यालय वर्षको लागि आफ्नो बच्चालाई फाउन्डेशनमा कहिले र कसरी भर्ना गर्ने भनेर बुझ्न मद्दत गर्दछ।

## मैले मेरो बच्चालाई प्राथमिक विद्यालयको पहिलो वर्षमा कहिले भर्ना गर्नु पर्छ?

तपाईंको बच्चाले स्कूल सुरु गर्ने वर्षको अप्रिल ३० सम्ममा उनीहरु ५ वर्षको हुनुपर्दछ।

६ वर्ष उमेर पुगेका बालबालिकाका लागि विद्यालय शिक्षा अनिवार्य गरिएको छ।

२०२४ विद्यालय वर्षको लागि भिक्टोरिया सरकारको प्राथमिक विद्यालयमा आफ्नो बच्चालाई भर्ना गर्न, २८ जुलाई २०२३ सम्म उक्त स्कूलमा भर्ना आवेदन पेश गर्नुहोस्।

## मैले मेरो बच्चालाई प्राथमिक विद्यालयको पहिलो वर्षमा कसरी भर्ना गर्नु पर्छ?

प्राथमिक विद्यालयको पहिलो वर्षमा तपाईंको बच्चालाई भर्ना गर्न यी चरणहरू पूरा गर्नुहोस्:

1. मेरो विद्यालय खोज (Find my School) वेबसाइटमा तपाईंको स्थानीय विद्यालय फेला पार्नुहोस् (तल हेर्नुहोस्)।
2. स्कूल भ्रमण गर्न समय माग्नुहोस् वा स्कूल र भर्ना आवेदन प्रक्रियाको बारेमा थप जान्नको लागि सरकारी प्राथमिक विद्यालयमा सम्पर्क गर्नुहोस्।
3. फाउन्डेशनमा भर्ना (प्रेप) बाट फाउन्डेशन (प्रेप) भर्ना जानकारी प्याक डाउनलोड गर्नुहोस् (२४ अप्रिल २०२३ बाट उपलब्ध)।

4. फाउन्डेशनको लागि भर्ना आवेदन शुक्रबार **२८ जुलाई २०२३**सम्ममा पेश गर्नुहोस् ।
5. तपाईंलाई शुक्रबार **११ अगस्ट २०२३**सम्ममा तपाईंको आवेदनको नतिजाको बारेमा सूचित गरिनेछ । यदि तपाईंले भर्ना हुने प्रस्ताव प्राप्त गर्नुभयो भने, तपाईंले शुक्रवार **२५ अगस्ट २०२३** सम्ममा प्रस्ताव स्वीकार गर्नुपर्नेछ ।
6. **सत्र ४, २०२३ को अवधिमा** भर्ना जानकारी र स्थानान्तरण पाठहरूमा भाग लिनुहोस् ।
7. तपाईंको बच्चाले मङ्गलबार **३० जनवरी २०२४ देखि** फाउन्डेशन सुरु गर्नेछ।

## म कसरी मेरो स्थानीय विद्यालय पत्ता लगाउन सक्छु?

तलका चरणहरू पालना गरेर Find my School वेबसाइटबाट आफ्नो स्थानीय विद्यालय फेला पार्नुहोस्:

1. आफ्नो ब्राउजरमा findmyschool.vic.gov.au लेखेर खोज्नुहोस् ।
2. 'सुरु गर्न आफ्नो ठेगाना हाल्नुहोस्' (Enter your address to get started) अन्तर्गत आफ्नो स्थायी आवासीय ठेगाना हाल्नुहोस् ।
3. 'भर्ना वर्ष' अन्तर्गत २०२४ छान्नुहोस् । **नोट**: २०२४ का स्कूल क्षेत्रहरू २०२३ को पहिलो सत्रको अन्तितिर उपलब्ध हुनेछ ।
4. 'विद्यालयको प्रकार' (School type) अन्तर्गत प्राथमिक छान्नुहोस् ।

त्यसपछि नक्साले तपाईंको ठेगाना, तपाईंको स्थानीय विद्यालय, र बायाँ पट्टी स्कूलको सम्पर्क विवरण देखाउनेछ । यदि तपाईंले पानाको तल हेर्दै जानु भयो भने, यसले तपाईंलाई तपाईंको ठेगाना नजिकका पाँचवटा विद्यालयहरू पनि देखाउनेछ ।

तपाईं 'स्कूलको लागि खोज' (Search for school) अन्तर्गत स्कूलको नामबाट पनि खोजी गर्न सक्नुहुनेछ ।

## के मेरो बच्चाले सरकारी प्राथमिक विद्यालयमा आवेदन दिन सक्छ जुन हाम्रो स्थानीय विद्यालय होइन?

सक्छ। तपाईंले आफ्नो स्थानीय स्कूल भन्दा अन्य स्कूलहरूमा आवेदन दिन सक्नुहुन्छ । विद्यालयले उनीहरूको भर्ना नीति र उपलब्ध स्थानअनुसार तपाईंको आवेदनलाई विचार गर्नेछ। तपाईंले Enrolling in school पृष्ठमा आवेदनलाई कसरी प्राथमिकतामा राखिन्छ भन्ने बारे जानकारी पाउन सक्नुहुन्छ ।

## यदि मैले मेरो भर्ना आवेदन असफल भएको पत्र पाएँ भने के हुन्छ?

तपाईंले आफ्नो बच्चालाई अर्को विद्यालयमा भर्ना गर्न आवेदन दिनुपर्छ । तपाईंको छोराछोरीलाई आफ्नो स्थानीय विद्यालयमा स्थान सुरक्षित गरिएको हुन्छ । तपाईंको बच्चाको स्थानीय विद्यालय कुन हो भन्ने उनीहरूको स्थायी आवासीय ठेगानाको आधारमा निर्धारण गरिन्छ । तपाईंको बच्चाको स्थानीय विद्यालय पत्ता लगाउन Find my School स्कूलमा जानुहोस् । Enrolling in school पृष्ठले तपाईंलाई भर्नाको लागि तपाईंको बच्चाको ठेगाना पुष्टि गर्न पनि मद्दत गर्न सक्छ ।

तपाईं यो निर्णयविरुद्ध अपील पनि गर्न सक्नुहुन्छ । Enrolling in Foundation (Prep) पृष्ठमा भर्ना आवेदन परिणाम अपील गर्ने प्रक्रियाको बारेमा जानकारी छ ।

## यदि मैले भर्ना गर्ने म्याद नाघेँ भने के हुन्छ ?

तपाईंले टर्म २, २०२३ देखि कुनै पनि समयमा २०२४ विद्यालय वर्षको लागि आफ्नो बच्चालाई फाउन्डेशनमा भर्ना गर्न आवेदन दिन सक्नुहुन्छ ।

तपाईंलाई शुक्रबार २८ जुलाई २०२३ सम्ममा भर्ना आवेदन पेश गर्न भनिएको भएता पनि, यस मितिपछि पनि भर्ना समयसीमा नाघेका, स्थायी बसैं सरेका वा भर्खरै भिक्टोरिया आइपुगेका परिवारहरूबाट आवेदनहरू स्वीकार गरिनेछ ।

२८ जुलाई २०२३ पछि पेश गरिएका भर्ना आवेदनहरू विभागको भर्ना नीतिअनुसार विद्यालयले प्राप्त गरेअनुसार प्रक्रिया गरिनेछ ।

## म प्राथमिक विद्यालयमा भर्नाको बारेमा थप जानकारी कहाँ पाउन सक्छु?

तपाईंले आफ्नो स्थानीय प्राथमिक विद्यालयलाई फाउन्डेशन भर्ना प्रक्रियाको बारेमा थप जानकारीको लागि सोध्न सक्नुहुन्छ ।

सत्र २, २०२३ को सुरुमा तपाईंले फाउन्डेसनमा भर्ना प्रक्रियाबारे Starting School वेबपेजको Enrolling in Foundation (Prep) पृष्ठअन्तर्गत एक जानकारी प्याक पनि फेला पार्न सक्नुहुन्छ ।

यदि तपाईंलाई जानकारी प्याक अनुवाद गर्न मद्दत चाहिन्छ भने, कृपया सहयोगको लागि तपाईंको स्थानीय प्राथमिक विद्यालयसँग कुरा गर्नुहोस् ।

## मद्दतको लागि मैले कसलाई सम्पर्क गर्नु पर्छ?

तपाईंले आवेदन दिन चाहेको प्राथमिक विद्यालयका स्थानान्तरण संयोजक, भर्ना अधिकारी वा प्रधानाध्यापकले तपाईंलाई भर्ना प्रक्रियाको बारेमा कुनै पनि प्रश्नहरूको उत्तर दिनेछन् ।

## उपयोगी लिङ्कहरू

कृपया तल केही उपयोगी लिङ्कहरू हेर्नुहोस्  जुन तपाईंको बच्चाले २०२४ मा प्राथमिक विद्यालय सुरु गर्दा तपाईंको लागि उपयोगी हुन सक्छ:

मेरो विद्यालय फेला पार्नुहोस् (Find my School) – findmyschool.vic.gov.au

स्कूल क्षेत्रहरूको बारेमा जानकारी – vic.gov.au/school-zones

फाउन्डेशन (प्रेप)मा भर्ना (Enrolling in Foundation (Prep)) – vic.gov.au/enrolling-foundation-prep

विद्यालयमा भर्ना (Enrolling in school ) – vic.gov.au/how-choose-school-and-enrol

असक्तता र समावेशी शिक्षा (Disability and inclusive education) – vic.gov.au/disability-and-inclusive-education

क्षेत्रीय कार्यालय सम्पर्कहरू – vic.gov.au/office-locations-department-education-and-training

# २०२३ - २४ को समयरेखा

| २०२३ का मितिहरू | क्रियाकलाप |
|---|---|
| **सत्र २: सोमबार २४ अप्रिल २०२३ – शुक्रबार २३ जुन २०२३** | |
| **सत्र १ र २, २०२३** | प्राथमिक विद्यालयहरूले २०२४ मा आफ्नो बच्चाको लागि फाउन्डेशन (प्रेप) भर्ना खोज्ने परिवारहरूको लागि भ्रमण, सूचना सत्र र अन्य गतिविधिहरू सञ्चालन गर्छन्। |
| **सत्र २, २०२३ को शुरुवात सम्ममा** | २०२४ विद्यालय वर्षको लागि स्कूल क्षेत्रहरूका लागि findmyschool.vic.gov.au मा प्रकाशित हुन्छ।<br>आमाबाबु/हेरचाहकर्ताहरूले २०२४ को लागि आफ्नो निर्दिष्ट स्थानिय स्कूल पत्ता लगाउन findmyschool.vic.gov.au हेर्नु पर्छ।<br>आमाबाबु/हेरचाहकर्ताहरूको लागि भर्ना सूचना प्याक फाउन्डेशन (प्रेप)मा भर्ना (Enrolling in Foundation (Prep) बाट डाउनलोड गर्न उपलब्ध छ। |
| **२०२३ को सत्र २ को हप्ता १ बाट** | प्राथमिक विद्यालयहरूले सम्भावित परिवारहरू र उनीहरूको विद्यालय समुदायलाई भर्ना सूचना प्याकहरू वितरण गर्न सक्छन्। |
| **२०२३ को सत्र २ को हप्ता १ बाट** | **भर्ना आवेदन खुला** – आमाबाबु/हेरचाहकर्ताहरूले यस मितिबाट आफूले भरी सकेको भर्ना आवेदन सरकारी प्राथमिक विद्यालयमा पेश गर्न सक्छन्। |
| **सत्र ३: सोमबार १० जुलाई २०२३ – शुक्रबार १५ सेप्टेम्बर २०२३** | |
| **शुक्रबार २८ जुलाई २०२३ सम्ममा** | **भर्ना आवेदन बुझाउने म्याद** – आमाबाबु/हेरचाहकर्ताहरूले यस मितिबाट सरकारी प्राथमिक विद्यालयमा आफ्नो पूरा गरेको भर्ना आवेदन पेश गर्न सक्छन्। |
| **शुक्रबार ११ अगस्ट २०२३ सम्ममा** | प्राथमिक विद्यालयहरूले विभागको भर्ना नीतिअन्तर्गत 'भर्नाको प्राथमिकता क्रम' अनुसार फाउन्डेशन (प्रेप) भर्ना परिणामहरूको लिखितरूपमा आमाबाबु/हेरचाहकर्ताहरूलाई सूचित गर्दछ। यसमा भर्ना पुष्टि गर्ने पत्र, प्रस्तावको पत्र, वा असफल आवेदन पत्र समावेश हुन सक्छ।<br>असफल आवेदन पत्र पठाइएका आमाबाबु/हेरचाहकर्ताहरूले उनीहरूको मनपर्ने प्राथमिक विद्यालयमा लिखित 'असफल-भर्ना' अपिल पेश गर्न सुरु गर्न सक्छन्। |
| **शुक्रबार २५ अगस्ट २०२३ सम्ममा** | आमाबाबु/हेरचाहकर्ताहरू जसलाई प्रस्तावको पत्र पठाएको हुन्छ उनीहरूले आफ्नो बच्चाको भर्नाको ठाउँको यस मिति सम्ममा स्वीकार गर्नु पर्ने हुन्छ। |
| **शुक्रबार २५ अगस्ट २०२३ सम्ममा** | **आमाबाबु /हेरचाहकर्ताहरूले आफ्नो मनपर्ने प्राथमिक विद्यालयमा लिखित असफल - भर्ना अपील पेश गर्नको लागि** अन्तिम मिति। |

| | |
|---|---|
| **शुक्रबार १५ सेप्टेम्बर २०२३ सम्म** | प्राथमिक विद्यालयहरूले यस मितिसम्म सबै आमाबाबु/हेरचाहकर्ताहरूलाई उनीहरूको असफल-भर्ना अपीलको नतिजाको बारेमा लिखितरूपमा सूचित गर्दछन् । |
| **सत्र ४: सोमबार २ अक्टोबर २०२३ – बुधबार २० डिसेम्बर २०२३** | |
| **सत्र ४, २०२३ को दौरान** | प्राथमिक विद्यालयहरूले स्थानान्तरण सत्रहरूको आयोजना गर्छन् । |
| **शुक्रबार २० अक्टोबर २०२३ सम्ममा** | **आमाबाबु /हेरचाहकर्ताहरू जसको आफ्नो मनपर्ने प्राथमिक विद्यालयमा अपील असफल भएको छ, उनीहरुको लागि सम्बन्धित क्षेत्रीय निर्देशकसँग लिखित असफल-भर्ना अपील पेश गर्नको लागि अन्तिम मिति।** |
| **शुक्रबार १७ नोभेम्बर २०२३ सम्ममा** | क्षेत्रहरूले यस मितिसम्ममा क्षेत्रीय निर्देशकको असफल -भर्ना अपीलहरूको नतिजाको लिखित रूपमा सबै आमाबाबु/हेरचाहकर्ताहरूलाई सूचित गर्दछन्। यो केवल अपीलहरू बुझाउने अन्तिम मिति शुक्रबार २० अक्टोबर २०२३ सम्म प्राप्त भएका अजीलहरूमा लागू हुन्छ । |